धर्मकीर्ति

धर्मकीर्ति
The Dharmakirti

"निरपराधी मूक पशुहरूलाई बलिदिनु ठूलो पाप कार्य" यस विषयमा कूटदन्तलाई ज्ञान दिनुहुंदै भगवान् बुद्ध

वर्षः ४३, अङ्कः ६

बु.सं. २५६९, कतिं पुन्हिः

नगदेश बुद्ध विहारमा २०८२ भाद्र ३० गते अभिधर्म पाठ कार्यक्रम

धम्मसङ्गणी पाठ गर्नुहुँदै श्रद्धेय प्रव्रजित गुरुमांहरू मुदिता र शुद्धावती

विभङ्ग पाठ गर्नुहुँदै श्रद्धेय प्रव्रजित गुरुमांहरू खेमावती र वीर्यवती

धातुकथा पाठ गर्नुहुँदै श्रद्धेय प्रव्रजित गुरुमांहरू अमरावती र धम्मचारी

पुग्गलपञ्ञति पाठ गर्नुहुँदै श्रद्धेय प्रव्रजित गुरुमांहरू पञ्ञावती र जवनवती

कथावत्थु पाठ गर्नुहुँदै श्रद्धेय प्रव्रजित गुरुमांहरू चम्पावती र जिनवती

यमक पाठ गर्नुहुँदै श्रद्धेय प्रव्रजित गुरुमांहरू केशावती र गौतमीवती

पट्ठान पाठ गर्नुहुँदै श्रद्धेय प्रव्रजित गुरुमांहरू प्रियावती र सुप्रियावती

अभिधर्म पाठ श्रवण गर्नुहुँदै श्रोतावर्ग

प्रकाशक र विशेष सल्लाहकार

भिक्षुणी धम्मवती

फोन: ५३५९४६६

सम्पादक

भिक्षुणी वीर्यवती

फोन: ९८४१५३४१०९

सम्पादन सहयोगी

भिक्षुणी शुभवती

फोन: ९८४१३२९००५

व्यवस्थापकहरु

ध्रुवरत्न स्थापित

फोन: ९८४१२६३३५५

इन्द्रमान महर्जन

फोन: ९८४१४३४५७२

कार्यालय

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी

धर्मकीर्ति विहार

श्रीघ: नघ:टोल

पोष्ट बक्स नं. ४९९२, काठमाडौं

फोन: ५३५९४६६

email: gurumawiryawati@gmail.com

subhawati26@gmail.com

बुद्ध सम्बत् २५६९
नेपाल सम्बत् ११४५
इस्वी सम्बत् २०२५
बिक्रम सम्बत् २०८२

विशेष सदस्य	रु. २०००/- वा सो भन्दा बढी
वार्षिक	रु. १००/-
यस अङ्कको	रु. १०/-

धर्मकीर्ति

(बौद्ध मासिक)

THE DHARMAKIRTI

A Buddhist Monthly

7th OCT 2025

वर्ष- ४३	अङ्क- ६	कतिं पुन्हि	आश्विन २०८२



★ यो च वस्ससतं जीवे – दुस्सीलो असमाहितो
एकाहं जीवितं सय्यो – सीलवन्तस्स झायिनो

★ चञ्चल चित्त याना: दुराचारी जुया: सलेस: दँ तक म्वानाच्वनेगु स्वया: नं शीलवान्, ध्यानी जुया: छन्हु जक म्वाना च्वनेगु श्रेष्ठ ।

★ दुराचारी र असमाहित पुरुषको सय वर्षको जीवन भन्दा सदाचारी र ध्यानी पुरुषको एक दिनको जीवन ने वेश हुन्छ ।

★ **A single day spent in good conduct and meditation is worth more than a hundred years spent in the morality and dissipation.**

विषय-सूचि

क्र.सं.	शिर्षक		पृष्ठ
१)	बुद्ध वचन	–	१
२)	आवरण चित्र परिचय - सही यज्ञ	–	२
३)	सम्पादकीय- मानसिक सुख	–	३
४)	अग्रश्रावक सारिपुत्त-५ (प्रज्ञावानहरू मध्ये अग्र)	– सत्यनारायण गोयन्का	४
५)	महाप्रजापती गौतमी	– कुमारी विद्यावती मालविका	८
६)	भगवान् बुद्धका बाऱ्ह कर्म विपाकहरू	– धम्मवती गुरुमां	१०
७)	धातु मनसिकार	– पद्मतारा तुलाधर	१३
८)	भगवान् बुद्ध	– बाबुकृष्ण डंगोल	१५
९)	काय नगरको भूमिका	– नाती उपासक	१६
१०)	With All Due Respect to My Parents	–	१७
११)	बुद्ध तथागत मानसिक महाचिकित्सक	– विद्याकुमारी बज्राचार्य	१९
१२)	मदया वंपिंनिगु लुमन्तिई	– जगत वीरसिंह कंसाकार	१९
१३)	धर्मप्रचार समाचार	–	२०
१४)	स्वार्थी भाव त्वते	– मचाकाजी महर्जन	२२

आवरण चित्र परिचय

सही यज्ञ

✍ **आचार्य सत्यनारायण गोयन्का**
भावानुवाद - वीर्यवती

श्रेणिक बिम्बिसारले दान दिनु भएको अत्यन्त समृद्ध खानुमत क्षेत्रका स्वामी कूटदन्तले एक महान यज्ञ आयोजना गरेका थिए । उक्त यज्ञमा सहभागी हुनका लागि टाढा-टाढाबाट अनेक प्रसिद्ध-प्रसिद्ध ब्राह्मणहरू आएका थिए । संयोगवस त्यही समय चारिकाको क्रममा भगवान् बुद्ध पनि भिक्षु संघका साथ त्यहाँ पुग्नुभयो । खानुमत गाउँ निवासी ब्राह्मणहरू बथान-बथान आई भगवान् बुद्ध दर्शन गर्ने इच्छा गरे । यस अवस्थालाई देखेर उक्त कार्यक्रममा सहभागी हुन आएका अनेक ब्राह्मणहरूले कूटदन्तको निर्णयलाई विरोध गर्दै भने– “कूटदन्तको प्रसिद्धि र प्रतिष्ठालाई विचार गर्ने हो भने श्रमण गौतम नै कूटदन्त समक्ष स्वयं आउनुपर्ने देखिन्छ ।”

उनीहरूको कुरा सुनेपछि कूटदन्तले आफ्नो विचार यसरी व्यक्त गरे–

श्रमण गौतम महान् व्यक्ति हुनुहुन्छ । उहाँ दुबैतर्फबाट सुजात हुनुहुन्छ । उहाँ गणतन्त्रको राजघराना त्यागेर प्रव्रजित हुनु भएको छ । उच्च क्षत्रियकुलबाट महाधनी, महाभोगवान्कुलबाट प्रव्रजित हुनुभएको छ । उहाँ प्रवल, शीलवान् हुनुहुन्छ । प्रसिद्ध सुवक्ता हुनुहुन्छ । अनेक व्यक्तिका आचार्य-प्राचार्य हुनुहुन्छ । कामतृष्णा मुक्त र संयमी हुनुहुन्छ । विद्याचरण - सम्पदा - सम्पन्न हुनुहुन्छ । उहाँको विषयमा यस्तो मङ्गलकीर्ति शब्द फैलिएको छ कि उहाँ बत्तीस महापुरुष लक्षणधारी पनि हुनुहुन्छ । उहाँ हाम्रो खानुमत ग्रामको पूजनीय अतिथि हुनुहुन्छ । यस्तो महापुरुष समक्ष सम्मानपूर्वक म आफैं जानु पर्दछ ।”

कूटदन्त भगवान् बुद्ध दर्शन गर्नको लागि गए । उसले सुनिराखेका थिए– “भगवान् बुद्धले प्राचिन कालको शुद्ध यज्ञ बारे सविस्तार बताउन सक्नु हुन्छ । त्यसबेलाका

(क्रमशः पेज १६ मा हेर्नुहोला)

▪ सम्पादकीय ▪

मानसिक सुख

संसारमा आजभोली शारीरिक रोगीहरूको संख्यामा जति बृद्धि भइरहेका छन्, त्यो भन्दा बढी मात्रामा मानसिक रोगीहरूको संख्या बृद्धी हुँदै गइरहेको देखिन्छ । जति-जति भौतिक सुख-सुविधारूको आविष्कार भइरहेका छन्, त्यति-त्यति नै मानिसहरू राग रूपी तृष्णामा बाधिँदै गएका देखिन्छन् । हाम्रा असीमित चाहना र माग भन्-भन् बढ्दै गइरहेका छन् । यही चाहना परिपूर्ति गर्नका लागि लोभयुक्त चेतनाले ग्रसित भई काम र कुरा गर्न पुग्छौं । अतृप्त तृष्णामा जकडिएका हाम्रा असन्तुष्ट भावनाको कारणले संसारका विभिन्न कुना-काप्चाहरूमा युद्ध, बदलाको भावना, आतंक, चोरी, भ्रष्टाचार, अन्याय र खतरनाक आक्रमणहरूको मात्रामा वृद्धि भइरहेको छ । सुखको खोजीमा लागेका मानिसहरू दुःखको भुमरीमा डुबीरहेका छन् । सक्कलि सुख र नक्कलि सुखको पहिचान गर्न नसक्नुको परिणाम हो यो । दुःखको मूल जरो पत्ता लगाई त्यसलाई पूर्णरूपले पन्छाउन नसक्नुको परिणाम हो यो । आफ्नो मनभित्र लुकेर बसेको अज्ञानतालाई चिन्न नसक्नुको परिणाम हो यो । जतिसुकै ज्ञान गुणले भरिएको शिक्षा अध्ययन गरे तापनि, धार्मिक छलफल गर्न सक्षम भए तापनि, जतिसुकै भौतिक सुख सुविधाले परिपूर्ण भएतापनि जबसम्म हामीमा मान-सम्मान, इज्जत, प्रतिष्ठा, आफ्नो मात्र आधिपत्य जमाउने बानी, पदवी र धनसम्पत्तिको नशामा डुब्ने बानी हुन्छ, तबसम्म हाम्रो मनले कहिले पनि साँचो शान्ति र सुखको प्राप्ति गर्न सक्ने छैन ।

भगवान् बुद्धले हामीलाई साँचो सुख र शान्ति प्राप्त गर्नका लागि ३ वटा खुड्कीलाहरू चढ्ने सल्लाह दिनुभएको छ । ती यसरी छन्– १) शील २) समाधि र ३) प्रज्ञा ।

यी ३ खुड्किलाहरू मध्ये पहिलो खुड्किलो शीलले नैतिक शिक्षा रूपी पञ्चशीललाई अर्थ्याउँछ । जुन व्यक्तिले पञ्चशील रूपी प्रकृतीका ५ वटा नियमहरूलाई पालन गर्छ, त्यस व्यक्तिको राम्रो बानी व्यवहारले उसको नै मन स्वस्थ रहने गर्छ । उसको मन निर्दोषी हून्छ । उसले आफ्नो स्वार्थको लागि अरूको मन, धन, शरीर र यशकीर्तिमा कदापि हानी गर्दैन । उ समाजको लागि विश्वास पात्र बन्न सक्षम हुनेछ । नबिराउनु, नडराउनु शिक्षाले माथि उठिएका यस व्यक्तिको मन सधैँ स्वस्थ र स्वच्छ रहन्छ । स्वच्छ र स्वस्थ मनोबल शक्तिले शरीरलाई पनि स्वस्थ राख्न मद्दत गर्छ । शरीर र मन स्वस्थ भएको व्यक्तिले मात्र दोस्रो खुड्किलो समाधिको तह चढ्न सक्षम हुनेछ ।

समाधिको तह चढ्ने कार्यहरू मध्येमा एक कार्य चौविसै घण्टा चलिरहने श्वास-प्रश्वास कार्य हाम्रो शरीरले पालन गरिरहेको हुन्छ । यस प्राकृतिक स्वभाव धर्मलाई हाम्रो मनले जस्तो छ त्यस्तै रूपमा एकचित्तले एकाग्र रही हेर्ने कार्य गर्दै समाधिको प्रथम खुड्किलो चढ्न सकिने छ । जति-जति हाम्रो मनले एकाग्रताको शक्ति समेट्न सकिने छ, त्यतिनै मनोबल शक्ति बृद्धि हुनेछ । यही मनोबल शक्तिले हाम्रो शरीर भित्र चौविसै घण्टा चलिरहने उत्पत्ति बिनाशको धारलाई हेर्ने क्षमता उत्पत्ति गर्न सक्नेछ । जुन व्यक्तिले हाम्रो शरीर भित्र चलिरहेको उतार-चढाव र अनित्यतालाई आफ्नो मनको आँखाले हेरी अनुभव गर्ने क्षमता जगाउन सक्छ, उक्त व्यक्तिले मात्र प्रज्ञाको खुड्किलो चढ्न सक्ने हुन्छ । तबमात्र उक्त व्यक्तिले भौतिक सुख र आध्यात्मिक सुखको अन्तरलाई वास्तविक रूपमा चिन्न सक्ने हुन्छ । आफ्नो मनले यथार्थ साँचो सुख (आध्यात्मिक सुख) लाई अनुभव गरिसकेको व्यक्तिले बाहिरी भौतिक सुख (नक्कली सुख) मा रमाउन सक्ने छैन । मन भित्रको साँचो सुखलाई बुझिसकेको व्यक्तिले बाह्य जगतको भौतिक भोग-विलास, विलासी जीवनको खोजी गर्न आवश्यक नै ठान्दैन । किनभने यी बाह्य जगतको भौतिक सुखहरू त सबै मृगतृष्णा समान नक्कली छन् । अहिले प्राप्त हुन्छ, एकछिनमा नाश हुन्छ । तर आफ्नो स्वच्छ र निर्दोष मनभित्र फेलापारेका आध्यात्मिक सुखलाई कुनै बाह्य शक्तिले धनसम्पत्ति लुटेर लगे जस्तै लिएर जान सक्दैन । यो स्थायी रूपमा अडिग भएर बसेको हुन्छ । हाम्रो लागि यही साँचो र यथार्थ सुखको आवश्यकता रहेको छ । यसलाई नै भनिन्छ मानसिक सुख ।

त्यसैले यो सक्कली मानसिक सुख प्राप्त गर्ने हाम्रो लक्ष पूरा गर्नको लागि भगवान् बुद्धले देखाउनु भएको शील, समाधि र प्रज्ञारूपी भऱ्याङ्ग चढ्ने कोशिस गरौं ।



अग्रश्रावक सारिपुत्त-५

(प्रज्ञावानहरू मध्ये अग्र)

✍ सत्यनारायण गोयन्का

भगवान् शास्ता बेलुवनमा वर्षावास सक्काएर श्रावस्तीको जेतवन बिहारमा पाल्नुभयो । आयुष्मान सारिपुत्तले भगवान्प्रतिको सेवा पूरा गरे । शिष्यहरूलाई आ-आफ्नो कामको जिम्मा दिए र दिनमा बिताउने स्थानलाई सफा गरेपछि हात-खुट्टा धोई आफू पनि ध्यान गर्न बसे । ध्यान गरिरहेको समय उनको मनमा एउटा विचार उठ्यो कि, “पहिला बुद्धले परिनिर्वाण प्राप्त गर्नुहुन्छ कि अग्रश्रावकले ?” पहिला अग्रश्रावक परिनिर्वाण हुन्छ भन्ने थाहा पाए तब उनले आफ्नो आयु संस्कार हेरे, आयु त केवल सात दिन मात्र बाँकी रहेछ ।

उनको आमा १०० वर्ष उमेरको भइसकेको थियो । सारिपुत्तसहित उनका चार जना छोराहरू र तीन जना छोरीहरू भगवान्को धर्म सिकेर अर्हत भइसकेका थिए । जन्म-मरणको चक्रबाट अलग भइसकेका थिए । तर उनकी आमाको भने अहिलेसम्म पनि परम्परागत मान्यता र कर्मकाण्डप्रतिको लेप बाँकी नै थियो । उनी भगवान् बुद्धको शिक्षालाई गलत मान्दथिन्, मिथ्यादृष्टिक थिइन् । धर्मसेनापति सारिपुत्तलाई राम्ररी थाहा थियो कि आफ्नो आमाको उपकार अनन्त छ । आमा-बुबालाई मुक्तिको मार्गमा लगाउनु नै छोरा-छोरीको महान् सेवा हो ।

महास्थविर सारिपुत्तसँग कल्याणमयी धर्म सिकेर अस्सी हजार गृहस्थहरूले दुःखबाट मुक्ति प्राप्त गरिसकेका थिए । परन्तु अबसम्म पनि उनले आफ्नी आमालाई बुद्धले बताउनुभएको मार्गमा आकर्षित गर्न सकेका थिएनन् ।

अब परिनिर्वाणको लागि जम्मा सात दिन मात्र बाँकी थियो । त्यसैले यसअघि फेरि एक पटक आमालाई सम्झाउने प्रयास गरिहेरौं भन्ने सोचले आफ्नो अन्तिम समय आफू जन्मेको कोठामा बिताउने निर्णय गरे । यसैले आफ्ना प्रमुख शिष्य र भाइ चुन्दलाई निर्देश दिँदै भने कि ‘उनका प्रमुख ५०० शिष्यलाई पनि नालकगाम जाने तयारी गर्नू ।’ आयुष्मान् सारिपुत्त भने अन्तिम पटक भगवान्को दर्शन गर्न र बिदाई लिन गए ।

उनले भगवान्लाई दर्शन गर्दै भने– “हे लोकनाथ ! महामुनि ! मेरो अन्तिम नमस्कार स्वीकार गर्नुहोस् । मेरो आयु संस्कार पूरा भयो । केवल एक हप्ता मात्रै बाँकी छ । हे सुगत ! मलाई परिनिर्वृत्त हुनको लागि अनुमति दिनुहोस् ।”

भगवान्ले सोध्नुभयो, “सारिपुत्त ! कहाँ परिनिर्वृत्त हुन्छौ ?” “भन्ते ! आफ्नो जन्म स्थान मगधको नालकगाऊँमा ।” “सारिपुत्त ! समयोचित काम गर्नू । तिमी भिक्षुहरूको ठूल्दाईझैं थियौ । तिम्रा भाइहरूलाई तिम्रो दर्शन दुर्लभ हुने भयो । त्यसैले आज तिमी अन्तिम धर्म देशना दिनू ।”

धर्म सेनापतिले भगवान्को आशय बुझे र वन्दना गरेर फर्के । ताडको वृक्षझैं अग्लो आशनमा रहेर सारिपुत्तले धर्म-देशना दिए, सारा नगर निवासी एकत्र थिए । आयुष्मान सारिपुत्तलाई बिदाई दिन भगवान् मणिकफल रत्न जडेको आसनमा विराजमान हुनुहुन्थ्यो । स्थविर सारिपुत्तले भगवान्लाई भन्दै थिए– “भन्ते ! भगवान् आजभन्दा एक लाख कल्पभन्दा पनि पहिला मैले भगवान् सम्यक-सम्बुद्ध अनोमदस्सीको चरणमा कोही सम्यक-सम्बुद्धको अग्रश्रावक बन्ने प्रार्थना गरेको थिएँ । असंख्य कल्पसम्म पारमी एकत्रित गर्दै रहें । त्यसै पूण्य पारमीको फलस्वरूप हजूरको दर्शनले मेरो प्रार्थना पूरा भएको छ । यो हजूरको अन्तिम दर्शन हुनेछ । अब हजूरको दर्शन फेरि पाउने छैन ।” यस्तो भन्दै आयुष्मान सारिपुत्त शास्तालाई हातजोडेर प्रणाम गर्दै रहे, पछाडि सर्दै-सर्दै तथागत देखुन्जेलसम्म प्रणाम गर्दै रहे ।

भगवान्ले भिक्षुहरूलाई भन्नुभयो– “भिक्षुहरू ! तिम्रा ठूल्दाइ जाँदै छन् ।” उनलाई बिदा दिन भिक्षुहरू ढोकासम्म पुगे । स्थविर सारिपुत्तले भिक्षुहरूलाई रोक्दै भने, “आयुष्मानहरू ! तिमीहरू यहीँ रहनू । अप्रमत्त भएर

आफ्नो काममा लागि रहनू ।"

अन्य भिक्षुहरूले भने, "पहिला आयुष्मान हजूर धर्म चारिकाको लागि जानुहुन्थ्यो र फर्किनु पनि हुन्थ्यो । अब त फर्किने छैन ।" यस्तो भन्दै सबै विलाप गर्न थाले । स्थविरले उनीहरूलाई पनि सम्भाउँदै भने "अप्रमत्त भएर आफ्नो काममा लागि राख्नू ।"

भगवान्सँग बिदाई लिएपछि धर्मसेनापति सारिपुत्त भदन्त चुन्दसहित भिक्षुहरूलाई लिएर सातौं दिन नालकगाउँ पुगे । त्यहाँ नगरद्वारमा उनका भान्जा उपरेवत भेटे । उनीमार्फत् उनका आमालाई आफू भेट्न आएको सूचना पठाए । आफ्नो जन्मकक्ष तयार गर्न र आफूसँग आएका ५०० जना भिक्षुहरूलाई चाहिने प्रबन्ध मिलाउन सूचना पठाएपछि आफू भने सारा दिनभर गाउँमा नै बिताए । साँझ आफ्नी आमाको घर, आफू जन्मेको कोठामा विश्राम गर्न पुगे । रात त्यहीँ बिताए ।

राती उनकी आमा भेट्न आइन् तब कोठामा प्रकाशयुक्त अदृश्य प्राणीहरू भेट्न आइरहेका थिए । यस्तो देखेर आमाले सोधिन् "यिनीहरू को हुन् ?" छोराले बताए, "यी चार जना चार दिशाका द्वारपाल महाराजा, यी देवराज शक्र, यी ब्रह्मलोकका ब्रह्मा हुन् । यी सबै अर्हन्तको अन्तिम दर्शन गर्न आएका हुन् ।" यस्तो सुनेर आमा दङ्ग भइन् । ओहो मेरो छोरो नै यति ऋद्धिशाली र समृद्धिशाली छ भने उनको आचार्य त यिनीभन्दा पनि महान् होला । यस्तो सुनेर सारिपुत्तले भगवान्को गीत गाउनुभयो । यस्तो गाथा सुन्दै-सुन्दै आमाको शरीर पुलक-रोमाचले भरिएर आयो । शरीरमा उदय-व्ययको अनित्यबोध महसूस हुन थाल्यो । ती अनित्यबोधका तरङ्ग निरूद्ध भयो र नित्य शाश्वत, ध्रुव निर्वाणको साक्षात्कार भयो, उनी स्रोतापन्न भइन् । अपरिमित सुखद शान्तिको अनुभूति भयो । आमाले छोरोलाई भनिन् की "यस्तो सुख-शान्तिको अनुभूति पहिला नै किन नगराएको ?" छोरो मुस्कुराइरहे । धन्य भइन् आमा ! धन्य भयो छोरो सारिपुत्त ।

तब छोरोले आमालाई विश्राम गर्न अर्को कोठामा पठाइदिए । फेरि भाइ चुन्दलाई सोधे, "कुन समय भयो ?" चुन्द थेरले बताए, "सूर्योदय हुन लागेको छ ।"

यस्तो सुनेर धर्मसेनापतिले आफ्ना ५०० भिक्षुहरूलाई बोलाएर अगाडिको खुल्ला ठाउँमा बसाएर भने, "तपाईंहरू पैंतालीस वर्षदेखि मसँगै हुनुहुन्छ । यति लामो समयमा मेरो शरीर वा वाणीद्वारा कुनै यस्तो तपाईंहरूलाई दुःख लाग्ने कर्म हुन गएको भए मलाई क्षमा गर्नुहोस् ।"

शिष्यहरूले भने, "भन्ते ! तपाईं महान् हुनुहुन्छ ! यी पैंतालीस वर्षमा हामीमध्येबाट कसैले पनि तपाईंलाई कुनै कष्ट दायक कर्म हुन गएको भए हामीलाई क्षमा गर्नुहोस् ।"

धर्मसेनापतिले संघलाई भने, "तिमीहरू सबै पवित्र छौ, निर्दोष छौ ।" यति भनेपछि धर्मसेनापतिले आफ्नो अन्तिम स्वास छोडे र परिनिर्वृत्त भए । धन्य महान धर्म सेनापति ! धन्य उनका पावन भिक्षुसंघ !

पुत्रको अनुकम्पालाई सम्झेर आमा रूपसारी रूँदै रहिन् । उनलाई पुत्रको जीवनकालमा उनको गुणको कदर गर्न नसकेकोमा ठूलो पश्चाताप थियो । रूँदै आफ्नो सारा भण्डार पुत्रको दाहसंस्कारको लागि खोलिदिए । पाँच सय फूलका माला र पाँच सय कूटागारको निर्माण गर्ने आदेश दिए । उपासकहरूले पनि धेरै फूलमाला बनाए, कूटागार बनाए । अनेक देवता तथा मनुष्य जम्मा भए र एक हप्तासम्म उत्सव मनाए ।

श्रीखण्डको चित्तालाई अनेक प्रकारका गन्धले सजाए, स्थविरको शरीरलाई चित्तामा राखे । श्मशानमा रातभरी धर्मकथा चलिरह्यो । दाहसंस्कारपछि स्थविर अनुरूद्धले सुगन्धित जलद्वारा चिता बुझाए । आयुष्मान महाचुन्दले अवशिष्ट धातु छानेर एउटा कपडामा पोको पारेर भने, "अब हामी जाऔँ दाइ धर्मसेनापति सारिपुत्तको परिनिर्वाण भयो, यसको खबर सम्यक-सबुद्धलाई दिनुपर्छ । भिक्षुसंघ अवशिष्ट धातु तथा पात्र-चीवर आदि बोकेर श्रावस्ती आए र आफ्नो उपाध्याय आयुष्मान आनन्दलाई भेटे ।

आयुष्मान आनन्दले अवशिष्ट धातु तथा पात्र चीवरसहिंत भिक्षुहरूलाई भगवान्कहाँ लग्नुभयो, भगवान्लाई भन्नुभयो, "भन्ते ! स्थविर महाचुन्दले आयुष्मान सारिपुत्त परिनिर्वाण भएको बताएको छ । यी उनका पात्र-चीवर हुन् । भन्ते ! यस समाचार सुनेर म अत्यन्त व्याकुल र बैचैन भएको छु । म अस्तव्यस्त भएको छु । मैले धर्म पनि बुझ्न सकिरहेको छैन ।"

"आनन्द ! के सारिपुत्त न शीलस्कन्धलाई लिएर परिनिर्वृत्त भएको हो । उनी त मलाई उपदेश दिने, धर्म सिकाउने, धर्म बताउने, धर्ममा उत्साहित, प्रेरित गर्ने

प्रहर्षित गर्ने गर्दथे। म यस समय आयुष्मान सारिपुत्त द्वारा गरेका उपकारहरूलाई स्मरण गर्दछु। म उनको प्रति कृतज्ञ छु।"

"आनन्द ! के मैले पहिला पनि भनेको थिएन कि सबै प्रिय व्यक्तिको वियोग एक दिन हुनेछ। जेजति उत्पन्न भएका छन् ती अवश्य विनाश हुने छन् यो त थाहा भएकै कुरा हो।

"आनन्द ! जस्तो कि कुनै असल रूखको सबैभन्दा ठूलो हाँगा कुनै कारणले भाँचिएर तल खसेको छ, त्यस्तै यस महान् भिक्षुसंघको एकजना सारयुक्त भिक्षु सारिपुत्तको परिनिर्वाण भएको छ। आनन्द ! यही नै सृष्टिको नियम हो। जुन उत्पन्न हुन्छ, ती एक न एक दिन अवष्य नष्ट हुनेछ। त्यसैले स्वयं आफूलाई आफ्नो द्वीप बनाउनु, आत्मनिर्भर रहनु अरू कसैको भरमा नरहनु। धर्मलाई आफ्नो द्वीप बनाउनु, धर्मको शरण ग्रहण गर्नु, अन्य कसैको शरण नलिनु।"

"आनन्द ! भिक्षु आत्मद्वीप भएर रहनु, आत्मशरण भएर रहनु, धर्मद्वीप भएर रहनु, धर्मशरण भएर रहनु, अन्य कसैको शरण ग्रहण गरेर कसरी विहार गर्न सकिन्छ र ?"

"आनन्द ! भिक्षु (साढे तीन हातको शरीर) लोकमा राग र द्वेषलाई हटाएर, श्रमशील, स्मृतिमान र सम्प्रज्ञानी बनेर, कायामा कायानुपश्यी भएर विहार गर्दछ।

"साढे तीन हातको शरीरमा राग र द्वेषलाई हटाएर श्रमशील, स्मृतिमान र सम्प्रज्ञानी भई वेदनामा वेनानुपश्यी भएर विहार गर्दछ। "साढे तीन हातको शरीरमा राग द्वेषलाई हटाएर श्रमशील, स्मृतिमान सम्प्रज्ञानी भई चित्तमा चित्तानुपश्यी भएर विहार गर्दछ।

"साढे तीन हातको शरीरमा राग द्वेषलाई हटाएर श्रमशील स्मृतिमान र सम्प्रदाज्ञानी रहेर धर्ममा धर्मानुपश्यी भएर, आत्मशरण भएर विहार गर्दछ। अन्य कसैको शरण नगरी धर्मद्वीप भएर, धर्मशरण भएर अन्य कसैको शरण नगइकन बिहार गर्दछ।

"आनन्द ! जो व्यक्ति यस प्रकार अन्य कुनै साधना नगरिकन आत्मद्वीप भएर, आत्मशरण भएर कसैको शरण ग्रहण नगरिकन विहार गर्दछ, धर्मद्वीप भएर, धर्मशरण भएर अन्य कसैको शरण ग्रहण नगरिकन बिहार गर्दछ त्यस्तो शिक्षाकामी भिक्षु नै मद्वारा उपदिष्ट धर्ममा अग्र हुनेछ।"

— ❀ —

आयुष्मान सारिपुत्त र आयुष्मान महामोग्गल्लानको परिनिर्वाण भइसकेको केही दिनपछि नै बज्जी जनपदको गङ्गा नदीको किनारमा बृहत भिक्षुसंघसहित भगवान् विहार गरिरहनुभएको थियो।

त्यस समय भगवान् भिक्षुसंघले घेरिएर खुल्ला आकाशसामू रहनुभएको थियो। तब भगवान्ले शान्तपूर्वक बसिरहेका भिक्षुसंघलाई निहारिएर हेर्नुभयो र भन्नुभयो–

"भिक्षुहरू ! यो समूह खाली-खाली जस्तो लागेको छ। सारिपुत्त र मोग्गल्लानको परिनिर्वाणपछि यो समूह खाली-खालीझैं लागेको छ सारिपुत्त र मोग्गल्लान हुँदा यो भरिएको झैं लाग्थ्यो।

"भिक्षुहरू ! अतीत कालमा पनि भगवान् अर्हत सम्यक-सम्बुद्ध हुन्थे, उहाँहरूका पनि यस्तै दुई जना अग्रश्रावकहरू हुन्थे। भविष्यमा पनि जो अर्हत सम्यक सम्बुद्ध हुनेछन् उहाँहरूका पनि दुई जना अग्रश्रावकहरू हुनेछन् जस्तो मेरा सारिपुत्त र मोग्गल्लान भए।"

"भिक्षुहरू ! श्रावकहरू यी कुरा सुनेर सायद आश्चर्य मान्लान् कि भविष्यमा हुने अग्रश्रावकहरू पनि शास्ताको शासनप्रति आज्ञाकारी र चारै परिषदमा प्रिय, गौरव राख्ने र श्रद्धाले परिपूर्ण हुनेछन्। यस्ता अग्र श्रावकहरूको परिनिर्वाण भए तापनि बुद्धलाई न कुनै दुःख भयो, न शोक भयो न सन्ताप नै भयो। जेजति उत्पन्न भएका छन्, बनेका छन्, निर्माण गरिएका छन् ती एक समय विनाश हुनेछन्, व्यय हुनेछन्, क्षय हुनेछन्।

अग्रश्रावक सारिपुत्त र महामोग्गल्लानको अस्तुलाई सम्राट् अशोकले साँचीको स्तुपमा स्थापना गरेका थिए। साँचीका निर्माण गरिएका विशाल स्तुपहरू आजसम्म पनि विध्यमान छन्। यी स्तूपहरूका चार दिशामा विशाल ढोकाहरू छन्, यी ढोकाहरूमा जातक कथा तथा बुद्धका जीवनकालका घटनाहरूलाई कुँडिएका छन्।

— ❀ —

एक अवसरमा उपासक अनाथपिण्डिक भगवान्लाई भेट्न गए। उहाँसँग अन्य गृहस्थ उपासकहरू पनि थिए। त्यस समय भगवान्ले आयुष्मान सारिपुत्तलाई सम्बोधन गर्दै भन्नुभयो। स्वेत वस्त्र धारी गृहस्थ उपासकहरूले कुन पाँच शिक्षापदहरू ग्रहण गर्नुपर्दछ र आफूलाई अपाय

योनिमा जन्म हुनुबाट मुक्त भइसकेको छु, अर्थात् आफू स्रोतापन्न भइसकेको छु भन्ने बताउन सक्छ ?

सारिपुत्तले उत्तर दिँदै भन्नुभयो–

१. आर्य श्रावक प्राणि-हिंसा गर्नबाट बच्दछ;
२. आर्य श्रावक चोरी गर्नबाट बच्दछ;
३. आर्य श्रावक कामभोगीसम्बन्धी मिथ्या आचरण गर्नबाट बच्दछ;
४. आर्य श्रावक झूठो बोल्ने कामबाट बच्दछ;
५. आर्य श्रावक जाँद-रक्सीजस्ता नशालु पदार्थ सेवन गर्ने कामबाट बच्दछ ।

यसरी गृहस्थ उपासक यी पाँच शिक्षापद ग्रहण गर्दछन् । भगवान्ले यसलाई अघि बढाउँदै भन्नुभयो–

१. आर्य श्रावक बुद्धको प्रति अविचल श्रद्धा राख्दछ;
२. आर्य श्रावक धर्मको प्रति अविचल श्रद्धा राख्दछ;
३. आर्य श्रावक संघको प्रति अविचल श्रद्धा राख्दछ;
४. आर्य श्रावक श्रेष्ठ, अखण्ड, अछिद्र, विशुद्ध शील पालना गर्दछ ।

"सारिपुत्त यसरी गृहस्थ साधक यी शिक्षापदहरूलाई पालना गर्दै चार चेतसिक ध्यानहरू प्राप्त गर्दछ र उसले आफूले चाहेमा आफू अपाय योनिमा जन्म हुनबाट मुक्त भएको घोषणा गर्दछ, अर्थात् आफू स्रोतापन्न भएको घोषणा गर्दछ । आफ्नो सम्बोधि प्राप्ति निश्चित भएको घोषणा गर्दछ ।"

"नरकपातको भय देखेर पापकर्म गर्नबाट बच्दछ । बुद्धिमान् व्यक्ति आर्य धर्मलाई स्वीकार गरेर यी पापकर्महरूलाई त्याग्दछ ।"

"बल प्रयोग गरेर कोही प्राणीको हत्या नगर्नु, जानीबुझी असत्य नबोल्नु, अरूको सामान नचोर्नु ।"

"आफ्नो स्त्री प्रति सन्तुष्ट रहनु, अरूको स्त्री प्रति मनमा राग नगर्नु । चित्तलाई उत्तेजित पार्ने नशा पदार्थ सेवन नगर्नु ।"

"सम्यक सम्बुद्धको अनुस्मरण गर्नु, धर्मको चिन्तन-मनन गर्नु । चित्तमा कसैको प्रति पनि द्वेष उत्पन्न नगर्नु र देवलोकको भावना गर्नु ।"

"पुण्य प्राप्त गर्न चाहने दाताद्वारा दान दिएका योग्य वस्तु सन्त व्यक्तिलाई प्रदान गर्नाले त्यस दानको फल अति विशाल हुनेछ ।"

— ❀ —

एक समय श्रेष्ठी अनाथपिण्डिक आफ्ना उपासक साथीहरूसँग भगवान्लाई भेट्न गए । भगवान्लाई अभिवादन गरेपछि एकातिर बसे तब अनाथपिण्डिकलाई सम्बोधन गर्नुहुँदै भगवान्ले भन्नुभयो–

"हे गृहपति ! तिमीले चीवर, भिक्षा, बिछ्यौना, रोगीलाई चाहिने आवश्यकताहरू दान दिएर भिक्षुसंघको अधिक सेवा गरेका छौ । त्यसैले हे ग्रहपति समय-समयमा एकान्त प्रीति-सुखको पनि अनुभव गर्नुपर्छ भन्ने कुरा बुझ्नुपर्छ ।"

यस्तो सुनेपछि सारिपुत्तले अगाडि भगवान्लाई भन्नुभयो–"भन्ते ! हजूरले भन्नुभएको अत्यन्त सही हो ।

"भन्ते जुन समयमा आर्यश्रावक एकान्त प्रीति-सुखको अनुभव गर्दछ त्यस समय उसलाई पाँच कुराको अनुभूति हुँदैन ।

१. यी काम-भोगबाट उत्पन्न हुने दुःख दौर्मनस्य हुन्छ, त्यस समय उसलाई त्यसको अनुभूति हुँदैन;
२. यी काम-भोगबाट उत्पन्न हुने सुख सौमनस्य हुन्छ, त्यस समय उसलाई त्यसको अनुभूति हुँदैन;
३. यी अकुशल कर्मद्वारा हुने दुःख दौर्मनस्य हुन्छ, त्यस समय उसलाई त्यसको अनुभूति हुँदैन;
४. यी अकुशल कर्मद्वारा हुने सुख-सौमनस्य हुन्छ, त्यस समय उसलाई त्यसको अनुभूति हुँदैन;
५. यी कुशल कर्मद्वारा हुने दुःख दौर्मनस्य हुन्छ, त्यस समय उसलाई त्यसको अनुभूति हुँदैन;

"भन्ते ! जुन समय आर्य-श्रावक एकान्त प्रीति-सुखको अनुभव गर्दछ त्यस समय यी पाँच कुराको अनुभव हुँदैन ।"

"सारिपुत्त ! ठीक भन्यौ, ठीक भन्यौं ।"

साभार- 'विपश्यना' पत्रिका बुद्ध वर्ष २५६१, २०७४ पौष, वर्ष ३४, अङ्क ९

— ❀ —

★ "दण्ड देखेर सबै डराउँछन्, मृत्यु देखेर सबै काँप्तछन्, त्यसकारण आफू झैं सम्झि प्राणीलाई हिंसा नगर्नू र नगराउनू ।" - धम्मपद

महाप्रजापती गौतमी

लेखिका- **कुमारी विद्यावती मालविका**
नेपाल भाषामा अनुवाद- **माधवी गुरुमां**
नेपाली भाषामा अनुवाद- **वीर्यवती**

हिमालको काखमा अवस्थित कोलिय राज्यको राजधानी देवदह नाम गरिएको एउटा शहर थियो । त्यस देशको यशस्वी राजा सुबुद्धकी दुईवटी रूपवती छोरीहरू थिए । एउटी छोरीको नाम महामाया थियो भने अर्कीको नाम प्रजापती । रूप र गुणका सजीव मूर्तिको रूपमा रहेका यी दुबै राजकुमारीहरूको यौवनावस्था हुनासाथ कपिलवस्तुका राजा शुद्धोदनसंग बिबाह सम्पन्न भयो । जेठी महारानी भएकी हुनाले महामाया प्रधान राजमहिषी भइन् भने प्रजापति द्वितीय राजमहिषी भईन् । गौतम वंशीय बुहारी भएको नाताले द्वितिय राजमहिषिलाई "महाप्रजापती गौतमी" भनी सम्बोधन गरिने गर्थ्यो ।

बैशाख पूर्णिमा जस्तो पावन दिनमा प्रधान महिषी महामायाबाट नेपालको तराईमा अवस्थित लुम्बिनीको शालवनमा असंख्य शुभलक्षणले युक्त सुपुत्र सिद्धार्थ कुमारको जन्म भयो । तर पुण्यशीला अग्रमहिषीले सिद्धार्थ कुमारलाई जन्माउनु भएको सात दिनमा नै आफ्नो नश्वर देहलाई त्याग गर्नुभयो ।

त्यसपछि महाराजा शुद्धोदनलाई यस अपूर्व गुणले सम्पन्न कुमारको पालनपोषण गर्ने बिषयमा चिन्ता हुन थाल्यो । उक्त बालकलाई ज्योतिषहरू, सामुद्रिक-शास्त्र बेत्ताहरू तथा महामुनीहरूले चक्रवर्ती नरेश अथवा प्राणी मात्रको ह्रदय-देवता हुनेछ भनी भविष्यवाणी गर्नु भएको कारणले उहाँलाई एक सुयोग्य ब्यक्तिको हातमा सुम्पनु अत्यावश्यक थियो । देवी महाप्रजापति गौतमीले आफ्नी दिदी (महामाया) प्रति अगाढ श्रद्धा र स्नेह राख्ने गर्थिन् । महामाया देवी परलोक भएपछि महाप्रजापति गौतमी प्रधान राजमहिषी भइन् । त्यही दिन उनको तर्फबाट पनि नन्द नामक पुत्ररत्नको जन्म भयो । परन्तु स्नेहमयी गौतमीले आफ्नो पुत्रलाई धाईआमाको हातमा सुम्पेर (सिद्धार्थ कुमारलाई आफ्नै पुत्र समान पालनपोषण गर्ने जिम्मा लिनुभई आफूले आफैलाई धन्य सम्झनु भयो । आफ्नी दिदीप्रति समर्पित अगाढ श्रद्धाको फलस्वरूप उनले शान्त एवं ममतायुक्त भावनाले सिद्धार्थको पालनपोषण गरिन् । उनको ममतामय मातृ- प्रेममा सिद्धार्थ कुमारले दया, दान, कार्यकुशलता एवं अनेक गुणका साथसाथै बिद्या आर्जन गर्नुभयो । फेरी यशोधरा जस्ती बुहारीरत्न प्राप्त भएकोले देवी गौतमी झन् हर्षले गद्गद् भइन् ।

पुत्ररत्न सिद्धार्थको हरेक कार्यमा उत्साहित हुनुहुने गौतमीको मातृ-ह्दयमा कुमारको गृहत्यागले ठूलो चोट पुऱ्यायो । तैपनि यशोधराले आफुलाई पर्न गएको बिछोडको दुःखमा पनि उनीले गरेको त्यागमयी धैर्यपूर्ण आर्दशबाट प्रभावित भएर प्रजापति गौतमीले पनि आफ्नो दुःखलाई बिर्सदै जीवन बिताउनु भयो । सिद्धार्थले धेरैवर्ष सम्म कठिन तपस्या गरी मारलाई पराजित गरी बुद्ध बन्न सफल हुनुभयो । बुद्ध हुनुभएपछि (सारनाथमा) धर्मचक्र प्रवर्तन गर्नु भयो । त्यसपछि उहाँले प्राणीहरूलाई अमृत उपदेश दिनुहुँदै कपिलवस्तुतर्फ लाग्नुभयो । त्यसबेला प्रजापति गौतमीको एक्लो पुत्र नन्द कुमारले आफ्नी नववधु र राजसिंहासन समेत त्याग गरेर त्रिरत्नको शरणमा जानुभयो । त्यस्तै यशोधराको एकमात्र पुत्र राहुलले पनि प्रव्रज्या ग्रहण गर्नुभयो । भगवान बुद्धको कल्याणकारी उपदेशवाट देवी महाप्रजापति झन् बढि प्रभावित हुनुभयो । अनि उहाँले बिश्व कल्याणको मार्गमा जानको लागि सर्वस्व त्याग गर्ने आकांक्षा प्रस्तुत गर्नुभयो, तर भगवान् बुद्धले बिभिन्न जिम्मेवारी तथा झन्झटहरूमा अल्मलिनुपर्ने महिलाहरूका लागि त्यागमय साधना पथमा लाग्न आज्ञा दिनु भएन । तैपनि उनी निराश भएन । भगवान् बुद्धको त्यस उपदेशबाट त्यहाँ उपस्थित पाँचसय जना महिलाहरू प्रभावित भएका थिए ।

एक समय भगवान् बुद्ध बैशालीको उपवनमा धर्मोपदेशको अमृतबृष्टि गर्नुहुँदै प्राणीहरूको मङ्गल गरिरहनु भएको थियो । त्यहीवेला उत्साहपूर्ण गम्भिर ह्दय

लिएर पाँचसय जना शाक्य सुकुमारीहरूका साथ देवी गौतमी कपिलवस्तुबाट बैशाली सम्म पैदल यात्रा गरी पुग्नुभयो । लामो यात्राबाट थकित ती सबै महिलाहरूको अनुहार मुर्झाइसकेको थियो, तर पनि उनीहरूको मन भने भिक्षुणी संघ स्थापना गर्ने उच्च संकल्पको कारण उत्साहित थिए । भगवान् बुद्धको शिष्य आनन्दको ध्यान त्यसतर्फ केन्द्रित भयो । अनि उहाँ महाकारूणिक भगवान् समक्ष यसरी प्रश्न राख्नु भयो– "भन्ते ! के हजुरको मुक्तिदायक धर्ममा नारी वर्गलाई कल्याण गर्ने मार्ग छैन ?"

त्यसपछि भगवान् बुद्धले आफ्नो मंगलमयी वचनद्धारा उहाँको शिक्षा (धर्म) सबैको लागि भएको कुरा प्रष्ट्याउनु भयो । भिक्षु आनन्दले फेरि निवेदन गर्नुभएपछि भगवान् बुद्धले नारीहरूले पनि भिक्षुणी हुन पाउने स्वीकृती प्रदान गर्नुभयो । नारीबर्गको लागि त्यो दिन गौरवमय स्वर्णिम दिन भयो, जुन दिन समान अधिकारकी नेतृ देवी गौतमीको कठिन प्रयासको परिणाम स्वरूप प्रथम भिक्षुणी संघको स्थापना भयो । पाँचसय जना शाक्य सुकुमारीहरूले काषायवस्त्र धारण गरे, अनि देवी गौतमीलाई ती पाँचसय भिक्षुणीहरू मध्ये प्रमुखको रूपमा राखियो । यी साधिकाहरूले आफ्नो साधनाद्वारा भगवान् बुद्धलाई प्रसन्न पार्न सफल भए । अनि उनीहरू पनि भिक्षुहरू सरहको अधिकार प्राप्त गरी उपसम्पन्न भए ।

कैयौं जन्म देखी साधना गर्दै अवतरण हुनुभएकी गौतमीको त्यो जन्म अन्तिम जन्म थियो, जुन जन्ममा उहाँले सिद्धार्थ जस्तो दिब्य पुत्र-रत्नलाई पालनपोषण गर्ने सौभाग्य प्राप्त गर्नुभयो, भगवान् बुद्धको उपदेशद्वारा समाधि योग, एकाग्र चिन्तन, र अलौकिक ध्यान गर्नुहुँदै अरहन्त पद प्राप्त गर्ने शौभाग्य प्राप्त गर्नुभयो । बैशाली स्थित कूटागारशाला समिप रहेको महावनमा भगवान् बुद्ध रहनुभएको बेला प्रजापति गौतमी पनि भिक्षुणी संघ सहित उक्त स्थानमा रहनु भएको थियो । एकदिन चारिका गर्नुहुँदै उहाँले बिचार गर्नुभयो– "भगवान् बुद्धको महापरिनिर्वाण, कुमार नन्द र राहुलको निर्वाण हुने अवस्थालाई मेरो ममतामयी ह्दयले कसरी थाम्न सकुँला ? त्यसैले स्वयं मैले नै पहिला देह त्याग गर्नुपर्ला ।" यही कारण उहाँले भगवान् बुद्ध समक्ष देह त्याग गर्ने अनुमतिको लागि बिन्ति गर्नुभयो । भगवान् बुद्धले शान्त एवं गम्भिर वचनद्वारा उहाँलाई उपदेश दिनु भयो जसले गर्दा उहाँले (प्रजापति गौतमीले) समाधीमा रहनु भई परम शान्तमय निर्वाण प्राप्त गर्नु भयो ।

भगवान् बुद्ध प्रति प्रजापति गौतमीको अटूट श्रद्धा थियो । उहाँले बुद्धलाई विश्व कल्याणका लागि अवतरण हुनु भएको व्यक्तित्वको रूपमा मान्नु हुन्थ्यो । थेरीगाथामा उहाँको भावुकता र सरलतापूर्ण भनाईलाई यसरी उल्लेख गरिएको छ– "सुगत ! म तिम्री आमा हुँ, परन्तु तिमी मेरो बुबा हौ ।" उहाँको भनाईको अर्थ थियो, उहाँले तथागतलाई पालन पोषण गरिन्, तर भगवान् बुद्धले जसरी एउटा बुबाले आफ्नो सन्तानलाई ज्ञान दिन्छ त्यस्तै गरेर उहाँलाई पनि ज्ञान एवं अनुपम उपदेशद्वारा अभिनव शान्ति प्रदान गर्नु भएको थियो । अर्को स्थानमा यसरी पनि उल्लेख गरिएको छ–

"अहो ! बहुजनहितका लागि महामायाले गौतमलाई जन्म दिइन्, अनि उहाँले प्राणीहरूलाई बृद्ध, रोग र मरण भयबाट नै मुक्त गरिदिनुभयो । आज म पनि दुःख निरोधगामीनी आर्य अष्टाङ्गिक मार्गमा विचरण गरिरहेकी छु ।"

"बुद्धवीर, म तिमीलाई वन्दना गर्दछु । तिमी श्रेष्ठ हौ । म जस्ता कतिपय नारीहरूलाई दुःखरूपी आगोको ज्वालाबाट उद्धार गरी तिमीले शान्तिको वरदान दियौ । यो मेरो अन्तिम जन्म हो । तिम्रो ज्ञानले गर्दा आज ममा अब तृष्णा नाश भइसक्यो । तिमीले प्राणीहरूको दुःख नाश गरिदियौ ।"

कति मात्र श्रद्धा, कति मात्र भक्ति रहेको थियो उनको महाकारूणिकको कल्याणकारी उपदेशमा ! धन्य छ त्यस नारीरत्नलाई, जसको ध्येय नै संसारका सबै प्राणीहरूको मंगल होस्, सबैले ज्ञान प्राप्त गरी जीवन मुक्त हुन सकोस् भन्ने रह्यो । त्यस नारी महान जगतनेत्री हुन् जसले नारी जातीलाई पुरूषको समकक्ष (समान तह) पुऱ्याई अमृत तत्त्व प्राप्त गराई नारी जगतको कल्याण गराई दिइन् । ■

स्रोत- आदर्श बौद्ध महिलाहरू

भगवान् बुद्धका बा¬ह कर्म विपाकहरू

लेखिका- **धम्मवती गुरुमां**
अनुवाद- **वीर्यवती गुरुमां**

भगवान बुद्धले धर्मको परिभाषा सरल रूपमा यसरी दिनु भएको छ–

"सब्ब पापस्स अकरणं, कुसलस्स उपसम्पदा
सचित्त परियोदपनं एतं बुद्धानुसासनं"

अर्थात्–

"सबै पापकर्म नगर्नु, असल एवं हितउपकारी
कार्य मात्र गर्नु र आफ्नो चित्तलाई
शुद्ध गर्नु, यही नै बुद्धहरूको शिक्षा हो ।"

संसारको त्रिलक्षण स्वभाव (अनित्य, दुःख र अनात्म) एवं चतुआर्य सत्य (दुःख, दुःख समुदय सत्य, दुःख निरोध सत्य, एवं दुःख निरोध गामिनी प्रतिपदा आर्य सत्य) लाई भित्री मनले बुझ्न नसकेको कारणले हामी गलत धारणा, गलत सोचाई, र गलत विचारमा परी वेहोशी बन्न पुग्छौं । फलस्वरूप राग, द्वेष र मोहको वसमा परी हामीले अरूलाई दुःख हुने, अकुशल कार्य गर्न पुग्छौं । यसका प्रतिफल हामीले दुःखरूपी कर्मफल भोग्न वाध्य भइरहेका हुन्छौं । त्यसैले भगवान् बुद्धले बताउनु भएको शिक्षालाई अध्ययन गरी प्रज्ञा रूपी ज्ञानको आँखाले सम्यक दृष्टि अर्थात् ठीक सोचाईलाई अपनाउन सकेको खण्डमा जन्म मरण चक्रबाट नै मुक्त हुने भाग्य प्राप्त गर्न सक्नेछौं । त्यसको लागि हामीले बुद्ध शिक्षाका तल उल्लेखित ५ वटा खुड्किलाहरू पार गर्न अत्यावश्यक देखिन्छ ।

१) **कम्म सकता सम्यक दृष्टि**–

कम्म सकता सम्यक दृष्टि भएको व्यक्तिले कर्म र कर्मफल विषयमा विश्वास गर्छन् । आफूले गरेको राम्रो र नराम्रो कार्यको फल आफैले भोग्नु पर्दछ भन्ने प्राकृतिक नियमलाई भित्री मनले नै बुझी आफूलाई र अरूलाई पनि हीतोपकार हुनेकार्य मात्र गर्नेछ ।

२) **ध्यान सम्यक दृष्टि**–

ध्यान सम्यक दृष्टि भएको व्यक्तिले आफ्नो चित्तलाई असल (कुशल) कार्यमा लगाउने र खराब (अकुशल) कार्यबाट टाढा राख्ने अभ्यास गरिरहेको हुन्छ । चित्तको वसमा नगई चित्तलाई आफ्नो वसमा राख्न सकेमा मात्र शान्ति प्राप्त हुँदो रहेछ भन्ने सत्य तथ्य प्राकृतिक नियमलाई उसले भित्री मनले बुझेको हुन्छ ।

३) **विपश्यना सम्यक दृष्टि**–

विपश्यना सम्यक दृष्टिको तहमा पुगेको व्यक्तिले क्षण क्षणमा आफ्नो शरीर (रूप) र आफ्नो चित्त (नाम) लाई अलग्ग, अलग्ग छुट्टाएर हेर्न सक्ने क्षमता प्राप्त गरेको हुन्छ ।

४) **मार्ग सम्यक दृष्टि**–

मार्ग सम्यक दृष्टि प्राप्त गरिसकेको व्यक्तिले आफ्नो चित्तबाट क्लेश हटाई लोकोत्तर मार्ग प्राप्त गरेको हुन्छ ।

५) **फल सम्यक दृष्टि**–

फल सम्यक दृष्टि प्राप्त गरिसकेको व्यक्तिले क्लेश नाश गरी लोकोत्तर फल (आध्यात्मिक शान्ति) को रसलाई अनुभव गरिरहेको हुन्छ ।

यसरी आर्य अष्टाङ्गिक मार्गहरू मध्येको प्रथम मार्ग सम्यक दृष्टि जुन व्यक्तिमा विद्यमान हुन्छ, त्यस व्यक्तिले वाकी रहेका अन्य सातवटा आर्य मार्गहरूलाई स्वतः प्राप्त गरेको हुन्छ । त्यसैले जुन व्यक्तिले माथि उल्लेखित सम्यक दृष्टिको पाँचवटा तहले पारङ्गत हुने सौभाग्य प्राप्त गर्छ, उसले सम्पूर्ण सांसारिक दुःखबाट मुक्ति प्राप्त गरी भाग्यमानी बन्न सक्दछ ।

तर जब सम्म सम्यक दृष्टिबाट अलग्ग रहने छ, तबसम्म हामी भवचक्रमा अल्मलिएर कुशल र अकुशल कर्मफलको भागीदार बन्दै फल भोग्नको लागि बाध्य भई दुःखकष्ट भोगिरहनुपर्ने हुन्छौं । आफूले रोपेको कर्मको फल भोग्ने संयोग मिलिसकेको भए अरहन्त भइसकेका पवित्र निक्लेशी व्यक्तिले समेत त्यस कर्मफल भोग्नु नै पर्ने प्रकृतिको नियम रहेको छ । यसलाई स्वयं बुद्धले समेत पञ्छाउन नसकिने रहेछ । उदाहरणको लागि शाक्यमुनि बुद्धले समेत १२ वटा कर्म विपाक भोग्नु भएको प्रमाण यहाँ प्रश्न उत्तरको रूपमा प्रस्तुत गर्न सान्दर्भिक ठानेकी छु ।

शाक्यमुनि बुद्धले भोग्नु भएको १२ वटा कर्म विपाक र त्यसका कारणहरू यसरी रहेका छन्–

प्रश्न नं. १

सिद्धार्थ कुमारले बोधिज्ञान प्राप्त गर्नका लागि अर्थात् बुद्ध हुनका लागि गृहत्याग गर्नु भएपछि उरूबेल बनमा आफ्नो शरीरलाई अति कष्ट हुने गरी छ बर्ष सम्म दुस्कर चर्या गर्नु परेको थियो । कुन कर्म विपाकको कारणले उहाँले यस्तो दुःख भोग्नु परेको होला ?



जोतिपाल ब्राह्मण हुनुभएको जन्ममा बोधिसत्वले वचनद्वारा अपराध गर्नभएको दृष्य

उत्तर–

काश्यप बुद्ध बन्नु भएका बोधिसत्त्वले बुद्ध हुनु अगाडि छ दिन दुष्कर तपस्या गर्नु भएको कुरा जोतिपाल (भविष्यमा शाक्य मुनि बुद्ध हुने) बोधिसत्त्वले सुनेर अज्ञानता वस अभिमान रूपी क्लेश चित्त प्रयोग गरी यसरी बोल्नु भएको थियो–

"छ दिन त के मैले छ वर्ष सम्म पनि तपस्या गर्न सक्छु ।" यसरी अभिमान रूपी क्लेश चित्त प्रयोग गर्नुभएको अकुशल कर्मको बीऊले सिद्धार्थ बोधिसत्त्वको जन्ममा उहाँले छ वर्ष सम्म कठोर दुष्कर चर्या गर्नु भएपछि मात्र बोधिज्ञान प्राप्त गरी शाक्य मुनि बुद्ध बन्न सफल हुनुभएको थियो ।



जोतिपाल ब्राह्मण भएको अवस्थामा गरेको वची कर्मको विपाकको कारण सिद्धार्थले ६ वर्ष सम्म दुस्कर चर्या गर्नुपरेको दृष्य

प्रश्न नं.२

चिञ्चमान नाम गरेकी एक महिलाले नक्कली गर्भवती बनी सभामा विराजमान हुनुभएका शाक्य मुनी बुद्धलाई उनको श्रीमान् हुनुभएको आरोप लगाउन पुगेकी थिइन् । बुद्ध जस्तो निक्लेशी एवं पवित्र व्यक्तिले समेत किन यस प्रकारको निन्दनीय झूठो आरोप खेपी निन्दित हुनु परेको होला ?



नक्कली गर्भवती बनेकी चिञ्चमानले शाक्यमुनी बुद्धलाई उनको श्रीमान् हुनु भएको झूठो अराप लगाउँदै

उत्तर–

एक समय बोधिसत्त्व (भविष्यका शाक्य मुनि बुद्ध) मदिरा सेवन गरी विस्मृति बनेका थिए । त्यही समय उनले पिण्डाचारको लागि पाल्नु भएका एक अरहन्त भिक्षुलाई हेला गर्दै यसरी दुर्वचन प्रयोग गरेका थिए–

"आयो हेर ! शील भ्रष्ट व्यभिचारी !" यसरी एक परिशुद्ध आर्य पुद्गललाई झूठो आरोप लगाउन पुगेको अकुशल एवं निन्दनिय कर्मको फल शाक्यमुनि बुद्ध हुनुभएको पवित्र जीवनमा समेत झूठो आरोप खेपी निन्दित बन्नु परेको थियो ।



अरहन्त भिक्षुलाई अपशब्द प्रयोग गर्दै बोधिसत्व (भविष्यका शाक्यमुनी बुद्ध)

प्रश्न नं. ३

तिर्थंकरहरूकी शिष्या सुन्दरी परिव्राजिका जेतवन

विहारमा दिनहुँ पुगी शाक्यमुनी बुद्धकी श्रीमती हुँ भन्दै लोकको अगाडि झूठो हल्ला प्रचार गर्दै हिंडेकी थिइन्। यसरी पवित्र शाक्यमुनी बुद्ध सुन्दरी परिव्राजिकाको कारणले पनि लोक निन्दित हुन परेको थियो । यो कुन कर्म विपाकको कारण होला ?



मुनाली बोधिसत्वले प्रत्येक बुद्धलाई फरुस वचन प्रयोग गर्दै

उत्तर–

एक समय मुनालि नामक बोधिसत्त्व (भविष्यको शाक्य मुनि बुद्ध) ले एकजना प्रत्येक बुद्धलाई "दुराचारी आयो भनी फरूस वाक्य प्रयोग गरेको थियो । यही अकुशल वचन प्रयोग गरेर आएको कर्म विपाकको कारणले उहाँ भगवान् बुद्ध जस्तो पवित्र व्यक्ति हुनु भएपनि कर्म विपाक भोग्ने संयोग जुरेको कारणले गर्दा लोकद्वारा निन्दित हुनुपर्ने फल भोग्नु परेको हो । ■

स्रोत- भगवान बुद्धका आठ विजयहरू,
बाह्र कर्म विपाकहरू तथा बोध कथाहरू

★ "आफ्नो सुखको लागि सुखकामी प्राणीलाई जस्ले दण्डद्वारा हिंसा पीडा दिन्छ, त्यसले परलोकमा सुख पाउँदैन ।"

